# न्यायपूर्ण ऊर्जा रुपान्तरण टुलकिट



# Just Energy Transition Toolkit

# न्यायपूर्ण ऊर्जा रुपान्तरण टुलकिट

## Just Energy Transition Toolkit

प्रकाशक: एक्सन फर रेसिलिएन्ट अड्यापटेसन एण्ड नेचर बेस्ड इनर्जी अल्टरनेटिभ्स (अरण्य)

प्रकाशन मिति: मङ्सिर २०२५ (November 2025)

सामाग्री संकलन तथा सम्पादन: मेगा मास्के र अभिजित अधिकारी

अनुवाद: अभिजित अधिकारी

डिजाइन तथा चित्र: संचिता खनाल, रेविका कार्की

प्रयोग अधिकार:

यस प्रकाशनलाई स्रोत खुलाएर वा प्रकाशकसँग अनुमति लिएर अध्ययन, अनुसन्धान तथा गैरsनाफामुखी कार्यका लागि निःशुल्क प्रयोग गर्न सकिन्छ।

सहयोग:

यो प्रकाशन Women of the South Speak Out Consortium को आर्थिक सहयोगमा प्रकाशित गरिएको हो। Women of the South Speak Out भनेको Gender Links, Asia Pacific Research and Resource Center for Women तथा Mannion Daniels सम्मिलित एक साझा समूह (consortium) हो।

WOSSO is a consortium between GENDER LINKS SERVICES arrow mannion daniels

Funded by UK International Development Partnership | Progress | Prosperity

## विषयवस्तु श्रेय:

यस टुलकिटले विभिन्न विद्यमान स्रोतहरूबाट प्रेरणा लिएको छ:

Open Forum for CSO Development Effectiveness - Advocacy Toolkit, Costanza de Toma द्वारा विकसित

Nepal Center for Integrated Development (NCID) र Change the Game Academy - Mobilising Support Course

** कुनै जिज्ञासा वा सहकार्यका लागि, कृपया **aranyainitiatives@gmail.com** मा सम्पर्क गर्नुहोस्।

## यस टुलकिटको बारेमा

न्यायपूर्ण ऊर्जा रूपान्तरण (Just Energy Transition) भन्नाले पुराना प्रदूषण गर्ने ऊर्जा (जस्तै–कोइला, पेट्रोलियम) बाट सफा र नवीकरणीय ऊर्जा (जस्तै–सौर्य, पवन, जलविद्युत) तर्फ जानु हो। तर यो रूपान्तरण गर्दा सबै समुदायलाई न्याय मिल्नुपर्छ, कसैको अधिकार खोसिनु हुँदैन।

यो क्षमता विकास उपकरण (toolkit) ले न्यायपूर्ण ऊर्जा रूपान्तरण गर्न सहयोग पुऱ्याउँछ। टुलकिट भनेको सजिलो मार्गदर्शन हो। यो टुलकिटले समुदायलाई न्यायपूर्ण ऊर्जा रूपान्तरणको महत्व बुझाउँछ र समुदायलाई त्यस तर्फ मार्ग निर्देशन गर्छ।

यसमा पृष्ठभूमि जानकारी, तर्क, नीति सिफारिस, मुख्य सन्देश र सहयोगी सामग्रीहरू समावेश छन्। यो उपकरण वकालत (advocacy) र संवादका लागि प्रयोग गर्न सकिन्छ। यसले कानुनी आधार र अन्तर्राष्ट्रिय नियमहरूबारे जानकारी दिन्छ। यदि अधिकार उल्लङ्घन भयो भने कसरी वकालत गर्ने, कसरी अभियान चलाउने, र समुदायहरु कसरी वैकल्पिक उर्जा सङ्ग अनुकुल हुने गरी अगाडी बढ्ने भन्ने व्यावहारिक उपाय पनि यसमा छन्।

# उपकरण बारे संक्षेपमा



## १. न्यायपूर्ण ऊर्जा रूपान्तरण (JET) के हो?

- पुराना प्रदूषण गर्ने ऊर्जा (कोइला, पेट्रोलियम) छोडेर सफा ऊर्जा (सौर्य, पवन, जलविद्युत) प्रयोग गर्ने प्रक्रिया
- यसले वातावरण बचाउँछ, स्वास्थ्य सुधार्छ, र भविष्य सुरक्षित गर्छ

## २. किन जरुरी छ?

- प्रदूषण घटाउन
- रोजगारी सिर्जना गर्न
- सबैलाई सस्तो र सुरक्षित ऊर्जा दिन
- ऊर्जा रुपान्तरण प्रक्रियामा कोही पनि पछाडी नछुटुन

## ३. तपाईंको अधिकार




- स्वच्छ वातावरणमा बाँच्ने अधिकार
- ऊर्जा परियोजनामा जानकारी पाउने अधिकार
- निर्णय प्रक्रियामा सहभागी हुने अधिकार
- श्रमिक, किसान, आदिवासी, महिला र कमजोर समुदायको अधिकार सुरक्षित हुने ग्यारेन्टी

## ४. कानुनी आधार


- संविधान २०७२ → स्वच्छ वातावरण र दिगो विकास
- श्रम ऐन २०७४ → श्रमिकको अधिकार
- वातावरण संरक्षण ऐन २०७६ → वातावरणीय सुरक्षा
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ → समुदायको सहभागिता

## ५. अन्तर्राष्ट्रिय आधार




- पेरिस सम्झौता (२०१५) → जलवायु परिवर्तन नियन्त्रण
- ILO Just Transition Guidelines (२०१५) → श्रमिकलाई सुरक्षित रोजगारी
- SDG 7, 8, 13 → स्वच्छ ऊर्जा, रोजगारी, जलवायु कार्यवाही

## ६. समुदायले के गर्न सक्छ?




- परियोजनाबारे जानकारी माग्ने
- छलफल र बैठकमा सहभागी हुने
- अधिकार उल्लङ्घन भए उजुरी गर्ने
- वकालत (advocacy) र अभियान (campaign) चलाउने
- सीपमुलक क्षमता विकास गर्ने

## ७. कसरी वकालत गर्ने?

- स्थानीय सरकार वा सम्बन्धित निकायलाई पत्र लेख्ने
- सामूहिक रूपमा आवाज उठाउने
- मिडिया, सामाजिक सञ्जाल प्रयोग गर्ने
- कानुनी सहयोग खोज्ने

# भाग १

## कानुनी आधार र अधिकार

# जलवायु परिवर्तन र न्यायपूर्ण ऊर्जा रूपान्तरण




जलवायु परिवर्तन (climate change) आज संसारमा सबैभन्दा ठूलो चुनौतीको रुपमा देखा परेको छ। बढ्दो तापक्रम, अनियमित वर्षा, बाढी, सुख्खा र हिमनदी पग्लनु जस्ता घटनाहरूले हाम्रो मानव जीवनलाई प्रत्यक्ष असर गरिरहेका छन्। जलवायु परिवर्तन केवल वातावरणीय समस्या मात्र होइन, यो मानव अधिकारको समस्या पनि हो जसले मानिसको स्वास्थ्य, शिक्षा, रोजगारी र जीवनस्तरमा प्रत्यक्ष असर पारीरहेको छ।

ऊर्जा प्रणालीलाई यस समस्याको मूल कारणको रुपमा लिन सकिन्छ। लामो समयदेखी हामीले प्रयोग गर्ने ऊर्जाको उत्पादन मुख्यतया जीवाश्म इन्धन (कोइला, पेट्रोलियम, ग्यास) मा आधारित छ। जसले ठूलो मात्रामा हरितगृह ग्यास (greenhouse gas) उत्सर्जन गर्छ। हरितगृह ग्यासको उत्सर्जनले जलवायु परिवर्तनलाई झनै तीव्र बनाएको छ। त्यसैले जलवायु परिवर्तन नियन्त्रण गर्न, हामीले ऊर्जा प्रणालीलाई सफा, दिगो र न्यायपूर्ण बनाउनैपर्छ।

न्यायपूर्ण ऊर्जा रूपान्तरण भन्नाले केवल जीवाश्म इन्धनबाट नवीकरणीय ऊर्जातर्फ जानु मात्र होइन, यस प्रक्रियामा सबैलाई न्याय र समान अवसर दिनु पनि हो। यस अवधारणाले जीवाश्म इन्धनमा निर्भर श्रमिकहरुलाई रोजगारी गुम्दा सुरक्षित राख्छ, समुदायलाई निर्णय प्रक्रियामा सहभागी गराउँछ, र आदिवासी जनजातिको भूमि तथा

स्रोतमा अधिकारलाई सम्मान गर्छ। महिलाहरू, आदिवासी तथा स्थानीय समुदायहरूले आफ्नो भूमि, प्रकृति र स्रोतहरूको संरक्षण गर्दै आएका छन्। त्यसैले न्यायपूर्ण रूपान्तरणको मार्गमा महिलाहरू र आदिवासी समुदायहरूलाई केवल क्षतिपूर्ति मात्र नदिइ उनीहरूलाई नै यस रूपान्तरण प्रक्रियाको नेतृत्वकर्ता बनाइनुपर्छ।

यस अवधारणालाई विभिन्न अन्तर्राष्ट्रिय कानुन तथा नीतिहरूले स्पष्ट समर्थन गरेका छन्, जसमा नेपाल सरकारले समेत हस्ताक्षर गरिसकेको छ। तसर्थ, हामीले यी अन्तर्राष्ट्रिय आधारहरूबारे सचेत हुन आवश्यक छ ताकि हामीले आफूले अधिकारपूर्वक पाउनुपर्ने न्यायको पक्षमा सशक्त रूपमा आवाज उठाउन सकौँ।

## UNFCCC र पेरिस सम्झौता

- संयुक्त राष्ट्रसंघीय जलवायु परिवर्तन सम्बन्धी महासन्धि (UNFCCC) ले जलवायु परिवर्तन नियन्त्रणको आधार तयार गर्यो, र सन् 2010 को क्यानकुन सम्झौतामा जलवायु समाधान लागू गर्दा आर्थिक र सामाजिक असरहरूलाई ध्यान दिनुपर्ने कुरा उठायो।
- पेरिस सम्झौता (2015) को प्रस्तावनामा पनि ऊर्जा रूपान्तरण गर्दा श्रमिकलाई न्यायपूर्ण अवसर दिनुपर्छ र नयाँ, सम्मानजनक रोजगारी सिर्जना गर्नुपर्छ भन्ने कुरा स्पष्ट संग भनिएको छ।

## अन्तर्राष्ट्रिय श्रम संगठनको न्यायपूर्ण रूपान्तरण सम्बन्धी प्रस्ताव (ILO 2013 Just Transition Resolution)

- सन् २०१३ मा अन्तर्राष्ट्रिय श्रम संगठन (ILO) ले न्यायपूर्ण रूपान्तरणको नीति रूपरेखा प्रस्तुत गऱ्यो।
- यसले दिगो विकास, मर्यादित रोजगारी र हरित रोजगारीलाई जोड दिएको छ।
- यो रूपरेखाले वातावरण जोगाउँदै आर्थिक विकास र श्रमिकको हित सुनिश्चित गर्ने लक्ष्य राखेको छ।



## ILO Just Transition Guidelines (2015)

- अन्तर्राष्ट्रिय श्रम संगठन (ILO) ले सन् २०१५ मा ल्याएको न्यायपूर्ण ऊर्जा निर्देशिका (Just transition guidelines) ले वातावरणमैत्री अर्थतन्त्रतर्फ जाँदा श्रमिक र समुदायलाई कसरी सुरक्षित राख्ने भन्ने मार्गदर्शन गरेको छ।
- यसले महिला, युवा, आदिवासी-जनजाती लगायत सीमान्तकृत समुदायलाई अवसर दिनुपर्ने कुरालाई उल्लेख गरेको छ।
- श्रमिकले रोजगारी गुमाएमा उनीहरूलाई सामाजिक सुरक्षा दिनुपर्छ, र नयाँ रोजगारीका लागि सीप (green skills) विकास गर्नुपर्छ।

International
Labour
Organization

## SDGs (दिगो विकास लक्ष्यहरू)

- दिगो विकासको लक्ष्य बुदा ७ ले स्वच्छ भरपर्दो र ऊर्जाको पहुँचलाई आधारभूत अधिकारको रूपमा स्थापित गरेको छ।
- दिगो विकासको लक्ष्य बुदा ८ ले सम्मानजनक काम र श्रमिकको अधिकार सुरक्षित गर्नुपर्नेमा जोड दिएको छ।




## UNDRIP (आदिवासी जनजातिको अधिकार घोषणा, २००७)

- आदिवासी जनजातिको अधिकार घोषणापत्र (UNDRIP) को धारा २५ र २६ ले आदिवासी जनजातिलाई आफ्नो भूमि, क्षेत्र र स्रोतमा अधिकार प्रदान गरेको छ।
- धारा १८ ले आदिवासी जनजातिलाई आफ्ना प्रतिनिधिहरूको माध्यमबाट आफ्नै परम्परागत प्रक्रिया अनुसार निर्णय प्रक्रियामा सहभागी हुने अधिकार छ।
- धारा १९ ले कुनै पनि कानुनी वा प्रशासनिक निर्णयहरू लागू गर्नु अघि सम्बन्धित आदिवासी जनजातिसँग उनीहरूको प्रतिनिधिमार्फत स्वतन्त्र, प्राथमिक र सुचित सहमती (Free, Prior and Informed Consent) लिनु अनिवार्य छ।
- धारा २० र २३ ले उनीहरूलाई आफ्नै आर्थिक, सामाजिक र सांस्कृतिक विकास गर्ने अधिकार दिएको छ।

- धारा २९ ले वातावरणीय संरक्षण गर्ने अधिकार दिएको छ।

## ILO Convention 169 (आदिवासी जनजातिको अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय श्रम सन्धि, १९८९)

- अन्तर्राष्ट्रिय श्रम संगठन (ILO) को सन्धि नम्बर १६९ ले आदिवासी जनजाति र जनजातीय समुदायहरूको अधिकारलाई अन्तर्राष्ट्रिय कानुनी मान्यता दिएको छ।
- यस सन्धिले आदिवासी जनजातिलाई आफ्नो भूमि, क्षेत्र, र प्राकृतिक स्रोतहरूमा स्वामित्व, प्रयोग, र संरक्षणको अधिकार सुनिश्चित गरेको छ।
- धारा १३ देखी १९ सम्मका प्रावधानहरूले भूमि र क्षेत्रसँगको सम्बन्धलाई स्पष्ट रूपमा परिभाषित गरेका छन्।
- धारा १४ अनुसार, आदिवासी जनजातिलाई परम्परागत रूपमा प्रयोग गर्दै आएको भूमि र क्षेत्रहरूमा स्वामित्वको अधिकार हुन्छ, र राज्यले यसलाई कानुनी रूपमा मान्यता दिनुपर्छ।
- धारा १५ ले तिनीहरूलाई प्राकृतिक स्रोतहरूको उपयोगमा प्राथमिकता दिनुपर्ने व्यवस्था गर्छ।

## United Nations Guiding Principles on Business and Human Rights (UNGPs)

- संयुक्त राष्ट्रसंघले सन् २०११ मा जारी गरेको United Nations Guiding Principles on Business and Human Rights (UNGPs) ले व्यवसाय र मानव अधिकारबीचको सम्बन्धलाई स्पष्ट पारेको छ।

यसले तीनवटा मुख्य स्तम्भहरू तय गरेको छ:

१) राज्यको दायित्व – मानव अधिकारको संरक्षण गर्ने,

२) व्यवसायको +दायित्व – मानव अधिकारको सम्मान गर्ने,

३) पीडितलाई न्यायिक वा गैर-न्यायिक उपचार (remedy) दिने व्यवस्था।

### CEDAW को आदिवासी महिला तथा किशोरीहरूको अधिकार सिफारिस नं. ३९ (२०२२)

- यसले भूमि, क्षेत्र र स्रोतमा उनीहरूको पहुँच र स्वामित्व सुनिश्चित गर्न राज्यलाई दायित्व दिएको छ।
- निर्णय प्रक्रियामा उनीहरूको सहभागिता अनिवार्य बनाएको छ।
- स्वतन्त्र, प्राथमिक र सुचित सहमति (Free Prior Informed Consent) लिनुपर्ने व्यवस्था गरेको छ।
- न्यायमा पहुँच र भेदभावविरुद्ध कानुनी सुरक्षा सुनिश्चित गरेको छ।
- वातावरणीय संरक्षणमा आदिवासी महिलाहरूको सहभागिता र ज्ञानलाई मान्यता दिएको छ।


नेपालको कानुनमा
के छ ?

# नेपालको संविधान (२०७२)




- संविधानको धारा ३० ले प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्ने अधिकार दिएको छ, जसले ऊर्जा प्रणालीलाई वातावरणमैत्री बनाउनुपर्ने आधार तयार गर्छ।
- नेपालको संविधानले सामाजिक न्यायलाई नागरिकको मौलिक हकको रूपमा स्थापित गरेको छ। संविधानको धारा ४२ ले स्पष्ट रूपमा "सामाजिक न्यायको अधिकार" सुनिश्चित गरेको छ। यसले ऊर्जा रूपान्तरण परियोजनामा दलित, आदिवासी जनजाति, महिला, मधेसी, थारू, मुस्लिम, पिछडिएका क्षेत्रका समुदाय, अपांगता भएका व्यक्ति, अल्पसंख्यक र सीमान्तकृत समूहलाई समावेश गर्नुपर्ने आधार दिन्छ।
- त्यसैगरी, संविधानमा व्यवस्था गरिएको राज्यका निर्देशनात्मक सिद्धान्तहरू मध्य धारा ५१ ले दिगो विकास, वातावरण संरक्षण, र प्राकृतिक स्रोतहरूको न्यायपूर्ण उपयोग गर्न राज्यलाई निर्देशन दिएको छ।

## वातावरण संरक्षण ऐन, २०७६



यस ऐनले ऊर्जा तथा पूर्वाधार परियोजनाका लागि EIA (Environmental Impact Assessment) अनिवार्य गरेको छ। साथै, यस ऐनले प्राकृतिक स्रोतको दिगो उपयोग र प्रदूषण नियन्त्रणमा पनि जोड दिएको छ। EIA गर्दा देहायका कार्यहरु गर्नुपर्ने हुन्छ।


- प्राकृतिक स्रोत, जैविक विविधता, पानी, हावा, माटोमा हुने असरको मूल्यांकन गर्नुपर्छ।
- प्रभावित समुदायको सामाजिक, आर्थिक र सांस्कृतिक प्रभाव अध्ययन गर्नुपर्छ।
- सम्भावित नकारात्मक प्रभावलाई कम गर्ने उपाय (mitigation measures) प्रस्ताव गर्नुपर्छ।
- वातावरणीय व्यवस्थापन योजना (Environmental Management Plan) तयार गर्नुपर्छ।
- सार्वजनिक परामर्श (public consultation) र सरोकारवालासँग सहमति प्रक्रिया गर्नुपर्छ।
- निगरानी र मूल्यांकनका लागि स्पष्ट व्यवस्था गर्नुपर्छ।

## श्रम ऐन, २०७४



श्रम ऐन, २०७४ ले श्रमिकको अधिकारलाई सुनिश्चित गर्दै सुरक्षित कार्यस्थल, उचित पारिश्रमिक, र सामाजिक सुरक्षाको निश्चय दिएको छ। श्रमिकले रोजगारी गुमाउँदा पुनःप्रशिक्षण, सीप विकास र सामाजिक सुरक्षामार्फत संरक्षणको कानुनी व्यवस्था गरेको छ।

## नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता सम्बन्धी विधेयक, २०८१



विधेयकमा ऊर्जा पहुँच, प्रविधि हस्तान्तरण, हरित लगानी, र जलवायु वित्त जस्ता विषयहरू समावेश छन्। यसले निजी क्षेत्र, स्थानीय सरकार, र अन्तर्राष्ट्रिय साझेदारलाई समेटेर ऊर्जा रूपान्तरणलाई समावेशी बनाउने उद्देश्य राखेको छ।

## स्थानीय सरकार सञ्चालन ऐन, २०७४



यस ऐनले स्थानीय तहलाई ऊर्जा र जलवायु योजना बनाउन अधिकार दिएको छ र न्यायपूर्ण ऊर्जा रूपान्तरणको प्रक्रियालाई लोकतान्त्रीक, सहभागीतामुलक र समुदाय-मैत्री बनाउने कानुनी आधार समेत प्रदान गरेको छ। स्थानीय सरकारहरूले आवश्यकता अनुसार नवीकरणीय ऊर्जा परियोजना सञ्चालन गरी SDG लक्ष्यसँग मेल खाने योजना छनोट गर्न सक्छन्।

## जलविद्युत विकास नीति, २०५८



यस नीतिले सस्तो, भरपर्दो र वातावरणमैत्री ऊर्जा उत्पादनलाई प्राथमिकता दिँदै जलस्रोतको उपयोगमार्फत स्वच्छ ऊर्जा प्रवर्द्धन गर्ने लक्ष्य राखेको छ। यस नीति अनुसार, परियोजनाबाट प्रभावित समुदायलाई रोजगारी, पुनःस्थापना, र वातावरणीय संरक्षणको व्यवस्था गर्नुपर्छ।

## नवीकरणीय ऊर्जा अनुदान नीति, २०७३



यस नीतिले नेपालमा नवीकरणीय ऊर्जा प्रवर्द्धन गर्न सौर्य, बायोग्यास, सूक्ष्म जलविद्युत, सुधारिएको चुलो जस्ता प्रविधिमा अनुदान दिने व्यवस्था गरेको छ। यस नीतिले ऊर्जा पहुँचलाई सामाजिक न्याय र दिगो विकाससँग जोड्दै सबैका लागि सस्तो र भरपर्दो ऊर्जा उपलब्ध गराउने आधार तयार गरेको छ।

## जग्गा प्राप्ति ऐन, २०३४



यस ऐनको धारा १३ मा परियोजनाबाट प्रभावित व्यक्तिलाई न्यायपूर्ण क्षतिपूर्ति, पुनःस्थापना, र आवश्यक परेमा वैकल्पिक जग्गा उपलब्ध गराउने व्यवस्था गरिएको छ। यस ऐनले ऊर्जा परियोजनाहरू सञ्चालन गर्दा स्थानीय समुदायको भूमि

प्रभावित हुन सक्ने अवस्थामा भूमि अधिकारको संरक्षण, सामाजिक न्याय, र समुदायको सहभागिता सुनिश्चित गर्छ।

## जलस्रोत ऐन, २०४९

यस ऐनले पानीलाई राष्ट्रिय सम्पत्ति घोषणा गर्दै, स्थानीय समुदायलाई पानीको उपयोगमा प्राथमिकता दिने व्यवस्था गरेको छ।

## खानेपानी तथा सरसफाइ ऐन, २०६३

यस ऐनको धारा ४ अनुसार, प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी र गुणस्तरीय सरसफाइ सेवामा सहज र सुलभ पहुँचको अधिकार सुनिश्चित गरिएको छ।

## कानुनी उपचार प्राप्त गर्ने प्रक्रिया

न्यायपूर्ण ऊर्जा रूपान्तरण सम्बन्धी कानून र नीतिहरू कार्यान्वयन गराउन वा कार्यान्वयन नभएमा चरणबद्ध रूपमा आवाज उठाउन सकिन्छ।

### १. जानकारी हासिल गर्ने चरण



जानकारी हासिल गर्ने चरण न्यायपूर्ण ऊर्जा रूपान्तरणको वकालतको पहिलो र अत्यन्त महत्वपूर्ण आधार हो। RTI नेपालको संविधान र सूचना ऐनले प्रत्याभूत गरेको कानुनी अधिकार हो, जसले नागरिकलाई कुनै पनि सार्वजनिक निकायसँग जानकारी माग्न अनुमति दिन्छ। स्थानीय समुदायले आफूलाई असर गर्ने कानून, नीति, र अधिकारबारे स्पष्ट जानकारी राख्नुपर्छ ताकि उनीहरूले आफ्नो हक माग गर्न सकून्। यस्तो जानकारी कानुनी दस्तावेज, नीति पत्र, सरकारी वेबसाइट, नागरिक समाज संस्थाहरूको सहयोग वा सूचना प्राप्तिको अधिकार (RTI) प्रयोग गरेर प्राप्त गर्न सकिन्छ। यस चरणमा, समुदायले तल उल्लेखित माध्यमबाट जानकारी संकलन गर्न सक्छ:

- कानुनी दस्तावेज (जस्तै: ऐन, नियम, निर्देशिका)
- नीति पत्रहरू
- सरकारी वेबसाइटहरू
- सूचना प्राप्तिको अधिकार (RTI) को प्रयोग

RTI दर्ता गर्न नागरिकले सम्बन्धित निकायमा स्पष्ट रूपमा जानकारी माग्दै निवेदन बुझाउनुपर्छ। यदि १५ दिनभित्र जवाफ प्राप्त नभएमा सूचना आयोगमा अपिल गर्न सकिन्छ।

*अनुसूची-१* मा एउटा नमूना निवेदन फारमको ढाँचा प्रस्तुत गरिएको छ, जसलाई RTI को लागी प्रयोग गर्न सकिन्छ।

## २. गुनासो वा उजुरी दर्ता गर्ने चरण

दोस्रो चरणमा, यदि अधिकार उल्लंघन भएको छ भने, सम्बन्धित निकायमा गुनासो वा उजुरी दर्ता गर्न सकिन्छ। स्थानीय तह, जिल्ला प्रशासन कार्यालय, श्रम कार्यालय, वा वातावरण विभागमा उजुरी दिन सकिन्छ। उजुरी लेख्दा समस्या, उल्लंघन भएको कानून, प्रमाण, र समाधानको माग स्पष्ट रूपमा उल्लेख गर्नुपर्छ।

गुनासो दर्ता गर्ने ठाउँहरू:

- स्थानीय तह (गाउँपालिका/नगरपालिका): खानेपानी, ऊर्जा पहुँच, सरसफाइ, वातावरणीय असरको विषयमा।
- जिल्ला प्रशासन कार्यालय (DAO): सार्वजनिक हितमा असर पर्ने विषयमा।
- श्रम कार्यालय: श्रमिक अधिकार उल्लंघन भएमा।
- वातावरण विभाग वा प्रदूषण नियन्त्रण कार्यालय: EIA बिना परियोजना सञ्चालन भएमा।

गुनासो लेख्दा:

- समस्या के हो?
- कुन कानून उल्लंघन भएको हो?
- के प्रमाण छन्?
- समाधानको माग के हो?

*अनुसुचि-२* मा एउटा नमूना उजुरी फारमको ढाँचा प्रस्तुत गरिएको छ, जसलाई स्थानीय तह, श्रम कार्यालय, वातावरण विभाग, वा अन्य सम्बन्धित निकायमा बुझाउन प्रयोग गर्न सकिन्छ।

## ३. कानुनी कार्यवाही गर्ने चरण



यदि स्थानीय तह, सम्बन्धित कार्यालय वा निकायमा गुनासो दर्ता गरिएपछि पनि समाधान नभएमा, नागरिकले कानुनी बाटो अपनाउन सक्ने अधिकार राख्छन्। यस चरणमा विभिन्न कानुनी विकल्पहरू उपलब्ध छन्, जसले अधिकारको संरक्षण र न्यायको सुनिश्चितता गर्न सहयोग पुऱ्याउँछ।

- यदि परियोजना सञ्चालन गर्दा कुनैपनि किसिमको फौजदारी कसुर भएमा जाहेरी दरखास्त (FIR) दर्ता गर्नुपर्छ।

*अनुसूची-३* मा एउटा नमूना जाहेरी दरखास्त (FIR) फारमको ढाँचा प्रस्तुत गरिएको छ।

- यदि विषय सार्वजनिक हितसँग सम्बन्धित छ भने रिट निवेदन दर्ता गर्न सकिन्छ। रिट निवेदन उच्च अदालत वा सर्वोच्च अदालतमा Public Interest Litigation को रूपमा दर्ता गर्नुपर्छ। रिट निवेदन दर्ता गर्दा कानूनी सल्लाहका लागि वकिलसँग परामर्श गर्न सकिन्छ।

# भाग २

## सामुदायिक अभियान परिचालन

# सामुदायिक अभियान परिचालन

## एडभोकेसी (वकालत) भनेको के हो?



एडभोकेसीका विभिन्न परिभाषा र अभ्यासका तरिकाहरू छन्। मूलतः, एडभोकेसी भनेको महत्वपूर्ण मुद्दा, समस्या, नीति तथा कार्यलाई प्रभावित पार्ने उद्देश्यले गरिने संगठित गतिविधि हो। यसको प्रमुख लक्ष्य दीर्घकालीन र सकारात्मक परिवर्तन सुनिश्चित गर्नु हो। साथै, यसले निर्णय प्रक्रियालाई अझ समावेशी बनाउन मद्दत गर्छ र नीति तथा परियोजनाहरूलाई  नागरिक केन्द्रित बनाउन योगदान पुऱ्याउँछ।

एडभोकेसी भनेको समुदाय वा व्यक्तिहरूको आवाजलाई नीतिनिर्मातासम्म पुऱ्याउने प्रक्रिया पनि हो। यसले सामाजिक न्याय, पारदर्शिता, र उत्तरदायित्वलाई बलियो बनाउँदै दीर्घकालीन परिवर्तनका लागि मार्ग प्रशस्त गर्छ।

## एडभोकेसी किन आवश्यक छ?




एडभोकेसी आवश्यक छ किनभने परिवर्तन आफैंमा स्वतः हुँदैन। यसलाई सक्षम बनाउनुपर्छ।

- समुदायले आवाज उठाउँदा शक्तिशाली पक्षलाई चुनौती दिनुपर्ने हुन सक्छ, जसले समुदायलाई जोखिममा पार्न सक्छ।
- ऊर्जा परियोजनामा हुने बहिष्कार, शोषण, र हानिकारक अभ्याससहरूलाई समुदायले प्रतिरोध गर्नुपर्ने हुन्छ।

- ऊर्जा रूपान्तरणबाट सबैभन्दा प्रभावित समुदायले समाधान निर्माणमा सहभागी गराउन पनि एडभोकेसी आवश्यक हुन्छ।
- सरकार तथा कम्पनीहरूलाई पारदर्शिता र जवाफदेहिताको माग गर्न।
- समुदाय-नेतृत्व, नारीवादी दृष्टिकोण, र दिगो ऊर्जा मोडेलहरूलाई स्थान दिन।
- स्थानीय अनुभवलाई राष्ट्रिय तथा विश्वव्यापी जलवायु र ऊर्जा न्याय आन्दोलनसँग जोड्न।

**एडभोकेसीको योजना बनाउनका लागि सुझाइएका प्रमुख चरणहरू**

१) चुनौतीहरू र शक्ति सम्बन्धहरू पहिचान गर्ने

२) परिवर्तन गर्न चाहेको कुराहरुमा स्पष्ट हुने

३) अभियानसंग सरोकार राख्नेहरूलाई चिन्ने

४) सहकार्य जुटाउने

५) आफ्नो मुद्‌दा प्रस्तुत गर्ने

६) सन्देशहरू प्रभावकारी रूपमा सम्प्रेषण गर्ने

७) एडभोकेसीको जोखिम मूल्याङ्कन र व्यवस्थापन गर्ने

८) एडभोकेसीको अनुगमन र मूल्याङ्कन गर्ने

**नोट:** एडभोकेसी सधैं एउटै रेखा वा क्रममा अघि बढ्दैन। तपाईं र तपाईंका सहकर्मीहरू, कठिन परिस्थिति वा शत्रुतापूर्ण राजनीतिक सन्दर्भमा बाह्य वातावरणका परिवर्तनहरूलाई सामना गर्दै अनुकूलन गर्नुपर्ने हुन्छ। तपाईंको रणनीतिहरू बदलिन सक्छन् र अवसरहरू आएको बेला तिनलाई प्रयोग गर्नुपर्ने हुन्छ।

# १.चुनौतीहरू र शक्ति सम्बन्धहरू पहिचान गर्नु

न्यायपूर्ण ऊर्जा रूपान्तरणका लागि अन्तर्राष्ट्रिय, राष्ट्रिय र स्थानीय स्तरमा प्रभावकारी वकालत रणनीति बनाउन, सबैभन्दा पहिले समुदायहरूलाई पूर्ण रूपमा सहभागी हुन र लाभ लिन रोक्ने बाह्य अवरोधहरू पहिचान, विश्लेषण र प्राथमिकता दिन आवश्यक हुन्छ।

ऊर्जा परियोजनामा विभिन्न समस्याहरु देखिन सक्छन्। जबरजस्ती विस्थापन वा असुरक्षित काम गराउने जस्ता मानवअधिकार उल्लंघनहरू हुनसक्छन्। अधिकारी वा कम्पनीहरूले स्थानीय समुदायलाई निर्णय प्रक्रियामा वैध सहभागीका रूपमा मान्दैनन्, जसका कारण नीतिनिर्माता र प्रभावित समूहबीच संवाद नहुन सक्छ। परियोजना, योजना र वित्तीय व्यवस्थापनमा पारदर्शिता तथा जवाफदेहिता अभाव हुन सक्छ। साथै, महिलाले नेतृत्व गरेका वा समुदायले सञ्चालन गरेका साना पहलहरूलाई वित्तीय मोडेलहरूले बेवास्ता गर्न वा कमजोर पार्न सक्छन्।

***अवरोधहरुको पहिचान गर्ने मार्गदर्शक प्रश्नहरू:***

- महिलाहरू र सीमान्तकृत समूहहरूले ऊर्जा परियोजनाबाट लाभ लिन कठिन किन हुन्छ?
- परियोजना कहाँ निर्माण गर्ने निर्णय कसले गर्छ? र ती निर्णयहरूबाट कसलाई बाहिर राखिन्छ?
- हामी संग नभएका तर हामीलाई आवश्यक स्रोत वा अधिकारहरू के के हुन्?

### *अभ्यास: समस्या को वृक्ष*




*सहभागितामुलक औजार*

*रुखको बिचमा (काण्ड) मुख्य समस्याहरुलाई परिभाषित गर्ने*

*माथि (हाँगाहरुमा), मुख्य प्रभाव तथा असर पहिचान*


*तल, (जरामा) मुख्य समस्याको कारणहरु के के हुन्, त्यसलाई टुक्र्याउने*

## शक्ति सम्बन्धको बारेमा बुझाइ

शक्ति स्थिर हुँदैन र यो सीमित स्रोत पनि होइन। सामाजिक पक्षकारहरू र तिनका सञ्जालहरूले यसलाई विभिन्न तरिकाले प्रयोग, बाँडफाँड वा सिर्जना गर्न सक्छन्। उदाहरणका लागि, शक्ति वा असमान शक्ति सम्बन्धलाई एक व्यक्तिले वा समूहले (शक्तिशाली) अरूलाई नियन्त्रण गर्ने रूपमा बुझ्न सकिन्छ, जसलाई शक्तिहीन मानिन्छ।

- नियन्त्रण शक्ति (Power over): प्रायः विद्यमान अवस्था कायम राख्न र गरिब तथा बहिष्कृत समूहहरूलाई आफ्ना अधिकार प्रयोग गर्नबाट रोक्न विभिन्न तरिकाले प्रयोग हुन्छ।

तर शक्ति व्यक्तिगत र सामाजिक परिवर्तन तथा सकारात्मक कार्यका लागि पनि सकारात्मक शक्तिका रूपमा बुझ्न सकिन्छ।



- क्षमता शक्ति (Power to): कार्य गर्न सक्ने क्षमता, अधिकार प्रयोग गर्ने क्षमता, नागरिकता वा आवाजको सम्भावना साकार गर्ने क्षमता जनाउँछ।
- आत्म शक्ति (Power within): आत्म-पहिचान, आत्मविश्वास र चेतना प्राप्त गर्ने कुरा जनाउँछ, जुन कार्य गर्नका लागि पूर्वशर्त हुन्छ।
- सहकार्य शक्ति (Power with) : साझेदारी र सहकार्यबाट वा सामूहिक कार्य र गठबन्धन निर्माण प्रक्रियाबाट उत्पन्न हुने सहकार्यजन्य शक्ति जनाउँछ।

## २) परिवर्तन गर्न चाहेको कुराहरुमा स्पष्ट हुने

### वकालतको लक्ष्य (Goal)

यो तपाईंको दीर्घकालीन परिवर्तनको दृष्टि हो। यसले तपाईंले वकालतमार्फत हासिल गर्न चाहेको समग्र रूपान्तरणलाई वर्णन गर्छ। लक्ष्यहरूलाई न्याय, समानता, र दिगोपनामा केन्द्रित गर्दै व्यापक रूपमा व्यक्त गर्न सकिन्छ।

उदाहरण: सबै समुदायहरू, विशेषगरी महिला र सीमान्तकृत समूहहरूको सहभागितामा ऊर्जा रूपान्तरण नीतिहरू बनाउन पर्नेछ।

**वकालत परिवर्तन उद्देश्य (Objective)** यसले ठ्याक्कै के पूरा हुनेछ, कससँग, कसरी, र कति समयमा भन्ने कुरा स्पष्ट गर्छ। उद्देश्यहरू विशिष्ट, मापनयोग्य, र निश्चित समयभित्र हासिल गर्न सकिने हुनुपर्छ।

उदाहरण: सन् २०२७ सम्ममा राष्ट्रिय सरकारले लैंगिक संवेदनशील ऊर्जा रूपान्तरण नीति स्वीकृत र कार्यान्वयन गर्नेछ।

**उपकरण: SMART Objective Builder**

- Specific (विशिष्ट): हाम्रो ऊर्जा परियोजना वा नीतिमा ठ्याक्कै के परिवर्तन गर्नुपर्छ?
- Measurable (मापनयोग्य): यो परिवर्तन भएको कसरी थाहा पाउने?
- Achievable (साध्य): के हामीसँग यो परिवर्तनका लागि क्षमता र सहकर्मीहरू छन्?
- Relevant (सापेक्ष): के यो परिवर्तनले न्याय, समानता, र दिगोपनालाई अगाडि बढाउँछ?
- Time-bound (समय-सीमित): यो परिवर्तन कहिलेसम्म हासिल हुनुपर्छ?

## ३) अभियानसंग सरोकार राख्नेहरूलाई चिन्ने

ऊर्जा रूपान्तरण नीति र अभ्यासमा प्रभाव पार्न चाहने समुदायका लागि राजनीतिक र संस्थागत सन्दर्भको विश्लेषण गर्नु आवश्यक हुन्छ।ऊर्जा परियोजनामा निर्णय कसरी हुन्छ, ऊर्जा रूपान्तरणका नीतिहरू कसरी बनाइन्छन्, र परिवर्तन गर्न वा प्रभाव पार्ने शक्ति कसको हातमा छ भन्ने बुझ्नाले तपाईंको वकालत रणनीति कत्तिको सफल हुन्छ भन्ने तय हुन्छ। यसले तपाईंलाई मुख्य पक्षहरू को हुन् भन्ने थाहा दिन्छ र वकालत गर्न कहाँबाट सुरु गर्ने भन्ने बुझ्न मद्दत गर्छ।

### सरोकारवालाहरुको विश्लेषण कसरी गर्ने?




सरोकारवालाहरु दर्शक मात्र होइनन्। उनीहरु समाधान खोज्ने साझेदार पनि हुन्। नीति जब सफल हुन्छ, तब सरोकारवालाको आवाजलाई प्राथमिकता दिइन्छ। समुदायको समस्या बुझ्ने सबैभन्दा नजिकका ज्ञाता सरोकारवाला नै हुन्। कुनै पनि विकास तब मात्र सार्थक हुन्छ, जब सरोकारवाला आफैं निर्णय प्रक्रियामा सहभागी हुन्छन् ।

सरोकारवाला भन्नाले प्रस्तुत समस्याबाट प्रत्यक्ष वा अप्रत्यक्ष प्रभावित र यसको परिवर्तनका लागि प्रभाव पार्न सक्ने (रोक्ने र अघि बढाउने दुवै) व्यक्ति वा समुहलाई बुझनु पर्दछ।

ऊर्जा रूपान्तरणसँग विभिन्न पक्षकारहरू कसरी सम्बन्धित छन् भन्ने बुझ्नु महत्त्वपूर्ण छ। तपाईंले आफ्नो वकालत कसलाई लक्षित गर्ने र कसरी उनीहरूलाई यस कार्यमा ल्याउने भन्ने निर्णय गर्न त्यो आवश्यक छ। यसका लागि सरोकारवालाहरुको विश्लेषण (Stakeholder Analysis) गर्न सकिन्छ। त्यसले तपाईंलाई निम्न पहिचान गर्न मद्दत गर्छ:

- मुख्य पक्ष (Key targets): ऊर्जा परियोजना वा नीतिबारे प्रत्यक्ष निर्णय गर्ने अधिकार भएका (जस्तै ऊर्जा मन्त्रालय, राष्ट्रिय नियामक, स्थानीय सरकारी अधिकारी, नवीकरणीय ऊर्जा कम्पनीहरू)
- प्रभावक (Influencers): अप्रत्यक्ष रूपमा विचार वा निर्णयलाई प्रभावित गर्ने (जस्तै सञ्चारमाध्यम, श्रमिक संघ, अन्तर्राष्ट्रिय दाताहरू, सामुदायिक नेताहरू, शैक्षिक व्यक्तिहरू)
- सहयोगी (Allies): तपाईंको दृष्टि साझा गर्ने र वकालतलाई बलियो बनाउन सक्ने समूहहरू (जस्तै महिला संगठनहरू, आदिवासी परिषद्, जलवायु न्याय आन्दोलन, युवाहरूका समूहहरू)
- विरोधी (Opponents): परिवर्तनलाई प्रतिरोध गर्ने वा विद्यमान अवस्थाबाट लाभ लिने (जस्तै जीवाश्म इन्धन कम्पनीहरू, राजनीतिक उच्चवर्ग, वा उत्खनन-आधारित मोडेलमा लाभ लिने संस्थाहरू)




## प्रभाव

प्रभाव भन्नाले सरोकारवालाहरूको शक्ति बुझिन्छ, जसले निर्णयमा असर पार्न सक्छन्। त्यसैले उनीहरू को हुन्, के गर्छन्, र अन्य संस्थासँग कस्तो सम्बन्ध राख्छन् भन्ने बुझ्न जरुरी हुन्छ। उदाहरणका लागि, स्थानीय सरकार नीति र बजेट नियन्त्रण गर्छ, र राजनीतिक व्यक्तिहरू जस्ता अनौपचारिक तर प्रभावशाली शक्तिहरू पनि हुन्छन्।

## न्यायपुर्ण उर्जा रुपान्तरणका सरोकारवालाहरू:

### *सरकार र नीतिगत निकायहरू*



नेपालमा ऊर्जा रूपान्तरण (JET) सफल बनाउन विभिन्न सरकारी निकायहरूको भूमिका महत्वपूर्ण हुन्छ। यी संस्थाहरूले नीति निर्माणदेखि कार्यान्वयनसम्मका जिम्मेवारी सम्हाल्छन्।

- ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालयले राष्ट्रिय ऊर्जा नीति तयार गर्छ र जलविद्युत तथा नवीकरणीय ऊर्जासम्बन्धी सबै कामको नेतृत्व गर्छ। दीर्घकालीन योजना, कानूनी ढाँचा र रणनीतिक निर्णयहरू यहींबाट तय हुन्छन्।
- जल तथा ऊर्जा आयोग सचिवालय (WECS) अनुसन्धान, योजना र नीतिगत सल्लाह दिने प्रमुख निकाय हो।
- वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र (AEPC) ग्रामीण र स्थानीय स्तरमा नवीकरणीय ऊर्जा प्रवर्द्धन गर्ने संस्था हो। यसले सौर्य, बायोग्यास, सूक्ष्म जलविद्युत, सुधारिएको चुलो जस्ता प्रविधिहरूलाई समुदायमा पुऱ्याउने काम गर्छ।
- नेपाल विद्युत प्राधिकरण (NEA) देशभर विद्युत उत्पादन, प्रसारण र वितरण गर्ने मुख्य सरकारी निकाय हो। ऊर्जा आपूर्ति स्थिर र भरपर्दो बनाउन यसको भूमिका अत्यन्तै महत्वपूर्ण छ।
- प्रदेश र स्थानीय सरकारहरू संघीय संरचनामा, प्रदेश र स्थानीय तहले आफ्नै ऊर्जा योजना बनाउन सक्छन्।

### *ऊर्जा उत्पादक र निजी क्षेत्र*



सरकारी निकायसँगै, निजी क्षेत्रले पनि ऊर्जा रूपान्तरणमा ठूलो योगदान पुऱ्याउँछ। उनीहरूको लगानी, प्रविधि र सीपले परियोजनाहरूलाई व्यवहारिक र दिगो बनाउन मद्दत गर्छ।

- स्वतन्त्र ऊर्जा उत्पादक कम्पनीहरू (IPPs) यी निजी कम्पनीहरूले जलविद्युत र अन्य ऊर्जा परियोजनामा लगानी गर्छन्। राष्ट्रिय ग्रिडमा विद्युत आपूर्ति गरेर ऊर्जा सुरक्षामा योगदान पुर्‍याउँछन्।
- नवीकरणीय ऊर्जा कम्पनीहरू सौर्य, पवन, बायोग्यास, बायोमास जस्ता नवीकरणीय ऊर्जा प्रविधि विकास र आपूर्ति गर्ने कम्पनीहरू।
- निर्माण तथा इन्जिनियरिङ कम्पनीहरूले ऊर्जा पूर्वाधार तयार गर्छन्।
- वित्तीय संस्था र दातृ निकायहरूः
    - *अन्तर्राष्ट्रिय संस्था:* विश्व बैंक, एशियाली विकास बैंक जस्ता निकायहरूले ठूलो लगानी र प्राविधिक सहयोग पुर्‍याउँछन्।
    - *द्विपक्षीय दाता:* नर्वे, जापान जस्ता देशहरूले अनुदान वा ऋणमार्फत ऊर्जा परियोजनामा सहयोग गर्छन्।
    - *निजी बैंकहरू:* स्थानीय स्तरमा परियोजनालाई वित्तीय सहयोग गर्ने।

***नागरिक समाज र वकालत समूहहरू***

- सामुदायिक आधारित संगठनहरू (CBOs)
- महिला अधिकार समूहहरू
- राष्ट्रिय गैरसरकारी संस्था र सञ्जालहरू
- श्रमिक संगठन र ट्रेड युनियनहरू
- आदिवासी जनजाति र स्थानीय समुदायहरू
- महिला सहकारी र किसान समूहहरू

## ४) सहकार्य जुटाउने


सहकार्य र सहयोगले वकालतलाई बलियो बनाउँछ। यसले राष्ट्रिय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय स्तरमा विभिन्न समूहहरूको शक्ति र स्रोतलाई एकत्रित गर्छ। तर, यस्ता सहकार्यहरुलाई दीर्घकालीन बनाउन कठिन हुन्छ। सहकार्यहरू प्रायः छोटो अवधिका लागि बनाइन्छन् र विशेष उद्देश्यमा केन्द्रित हुन्छन्।




सबैभन्दा पहिले, हामीले आफ्ना सहयोगी (Allies) र प्रतिपक्षी (Opponents) को पहिचान गर्नुपर्छ।

- सहयोगी (Allies): तपाईंको र उसको साझा दृष्टि  हुने। वकालतलाई बलियो बनाउन मद्दत गर्ने समूहहरू। उदाहरण: महिला संगठन, आदिवासी परिषद्, जलवायु न्याय आन्दोलन, युवा समूह।
- प्रतिपक्षी (Opponents): परिवर्तनलाई रोक्ने वा वर्तमान अवस्थाबाट लाभ उठाउने समूह वा संस्था। उदाहरण: जीवाश्म इन्धन कम्पनी, राजनीतिक लाभ लिने वर्ग, उत्खनन-आधारित मोडेलमा लाभ लिने संस्था।

हामीले सहयोगी र प्रतिपक्षीहरूको प्रभाव र दृष्टिकोण मूल्याङ्कन गर्नुपर्छ। सहयोगीहरू अत्यन्तै समर्थनकारी छन् वा केवल तटस्थ, उनीहरूले कस्तो योगदान दिन सक्छन् भन्ने बुझ्न जरुरी छ। त्यस्तै, प्रतिपक्षीहरूको प्रभाव कम छ वा धेरै छ भन्ने कुरा पनि बुझ्नुपर्छ। त्यसअनुसार हामीले उनीहरूलाई उचित स्तरको ध्यान दिनुपर्छ।




अब हामीले आफ्ना सहयोगीहरू पहिचान गरिसकेपछि, साझा आधार बनाउनु उपयोगी हुन्छ।

## *समझदारीपत्र बनाउँदा ध्यान दिनुपर्ने कुराहरु*

गठबन्धन वा सहकार्य समूहका उद्देश्य, अधिकारक्षेत्र (mandate), मूल्यहरू र मार्गदर्शक सिद्धान्तहरू स्पष्ट हुनुपर्दछ। आवश्यक परेको खण्डमा दैनिक व्यवस्थापन, नेतृत्व र जवाफदेहिताका विषयहरू पनि समावेश गर्नुपर्छ। यस्तो दस्तावेजमा तल उल्लेख गरिएका क्षेत्रहरू समेटिनुपर्छ। यसलाई तपाईंको आवश्यकता अनुसार परिमार्जन गर्न सकिन्छ।

- अधिकारक्षेत्र (Mandate): समूहले कुन मुद्दा र कसको पक्षमा काम गर्छ। के के गर्ने, र आवश्यक परे के नगर्ने भन्ने स्पष्ट गर्नुपर्छ।
- सदस्यता (Membership): समूहमा को  -को सामेल हुन सक्छन् भन्ने मापदण्ड बनाउनुपर्छ।
- सहभागिता (Participation): सदस्यहरूले कसरी भाग लिने र योगदान दिने भन्ने परिभाषित गर्नुपर्छ।
- नेतृत्व (Leadership): नेताहरू कसरी र कहिले चयन गरिने भन्ने सहमति गर्नुपर्छ।
- व्यवस्थापन (Management): निर्णय गर्ने नियमहरू तय गर्नुपर्दछ। सदस्यहरूले कहिले समूहको रूपमा काम गर्ने र कहिले व्यक्तिगत रूपमा काम गर्न सक्ने भन्ने स्पष्ट गर्नुपर्दछ। समूहको तर्फबाट कसले प्रवक्ता बन्न सक्छ? सदस्यहरूले कसरी जानकारी आदान–प्रदान गर्ने? गतिविधि कसरी योजना गर्ने र प्रगति कसरी निगरानी गर्ने? जस्ता प्रश्नबारे स्पष्ट हुनुपर्दछ।
- सम्बन्ध (Relationship): सम्बन्धलाई कायम राख्न र सुदृढ बनाउन चाल्नु पर्ने कदमहरु परिभाषित गर्नुपर्दछ।

## सहयोगी म्याट्रिक्स लक्ष्यीकरण

| सम्भावित सहयोग | ज्ञान | मनोवृत्ति/विश्वास | चासो |
|---|---|---|---|
| तपाईंको सहयोगी को नाम (सहयोगी, लक्ष्य, विरोधहरू) | मुद्दाबारे उनीहरूलाई के थाहा छ? | उनीहरू मुद्दाको बारेमा के विश्वास गर्छन्? | राष्ट्रिय मिडिया |
| | | | |
| | | | |
| | | | |

## ९) आफ्नो मुद्दा प्रस्तुत गर्ने

तपाईंले सम्बोधन गर्न खोजेको बाधा वा असक्षम अवस्थाको कारण र परिणामबारे ठोस प्रमाण चाहिन्छ। तपाईंले प्रस्ताव गरेको समाधानको सम्भाव्यता छ भन्ने प्रमाण पनि आवश्यक हुन्छ।

*विचार गर्नुपर्ने कुरा*

- तपाईंको मुद्दामा पहिले नै के प्रमाण छ? के यो तपाईंको अनुभवमा आधारित छ? प्रमाणको प्रकार के हो?
- यदि नयाँ वा थप प्रमाण संकलन गर्नुपर्ने भए, कसरी संकलन गर्ने भन्ने सोच्नुहोस्।

- यो कानुनी वा मानव अधिकार उल्लङ्घन हो कि होइन भनेर जाँच गर्न टूलकिटको भाग १ हेर्न सकिन्छ।
- जे भएको छ त्यसलाई कागजमा उतार्नुहोस्। फोटो खिच्नुहोस्, लेख्नुहोस्। स्थान, समय, उपस्थित व्यक्ति, घटना कसरी भयो र के भयो भन्ने सबै विवरण राख्नुहोस्।

सुझाव: तथ्यांक, तथ्य र अंक प्रयोग गर्दा उचित हुन्छ। तर यदि सकिँदैन भने, आफ्नो भावनात्मक अनुभवलाई पनि प्रमाणका रूपमा प्रयोग गर्न सकिन्छ।

### *स्पष्ट सन्देश तयार गर्ने*

वकालतका जानकारीहरु मानिसलाई मनाउने र कार्य गर्न प्रेरित गर्ने हुनुपर्दछ। फरक–फरक श्रोताहरूका लागि अलग सन्देश तयार गर्नुपर्छ।

- पहिले एउटा स्पष्ट मुख्य सन्देश तयार गर्नुहोस्। यसले तपाईंको धारणा र ल्याउन चाहेको परिवर्तनलाई संक्षेपमा देखाउनुपर्छ।
- यो सन्देश तपाईंको वकालतको लक्ष्यमा आधारित हुनुपर्छ।
- त्यसपछि फरक श्रोताहरूका लागि विशेष सन्देश तयार गर्नुहोस्।

सरोकारवालाहरुको विश्लेषणले प्रभावकारी सन्देश बनाउन सहयोग पुऱ्याउँछ।

***उपकरण:** प्रभावकारी सन्देश विकासका १० सुनौलो नियम*

- श्रोताहरूलाई चिन्नुहोस्: उनीहरूसंग भएको जानकारि, उनिहरुको मूल्य र प्राथमिकता देखी उनिहरुले प्रयोग गर्ने भाषाको बारेमा बुझ्नुस।
- राजनीतिक वातावरण बुझ्नुहोस्: विवाद, मुद्दा वा डर के छन्? यसले तपाईंको सन्देशलाई कसरी असर गर्छ?
- सन्देशलाई सरल र छोटो राख्नुहोस्: विषय नबुझेको व्यक्तिले पनि सजिलै बुझ्न सक्ने बनाउनुपर्छ।
- वास्तविक जीवनका कथा र उद्धरण प्रयोग गर्नुहोस्: मानवीय पक्षले समस्या वास्तविक बनाउँछ।
- ठ्याक्कै, शक्तिशाली भाषा र सक्रिय क्रियापद प्रयोग गर्नुहोस्: जस्तै *"हाम्रो भुमी फिर्ता गर!"*
- तथ्य र अंकलाई सही र सिर्जनात्मक रूपमा प्रयोग गर्नुहोस्: जस्तै "५% आदिवासीहरूले विश्वको ८५% जैविक विविधता संरक्षण गर्छन्।"
- सन्देशलाई माध्यमअनुसार अनुकूल बनाउनुहोस्: रेडियोमा आवाज र ध्वनि महत्त्वपूर्ण हुन्छ। टेलिभिजन वा इन्टरनेटमा दृश्य पक्ष महत्त्वपूर्ण हुन्छ।
- श्रोताहरूलाई आफ्नै बुझाइमा पुग्न दिनुहोस्: धेरै जानकारीले ध्यान हराउन सक्छ। आधारभूत विवरण मात्र दिनुहोस्।
- श्रोताहरूलाई कार्य गर्न प्रोत्साहित गर्नुहोस्: उनीहरूले के कदम चाल्न सक्छन् भन्ने स्पष्ट गर्नुहोस्। जस्तै "संसदमा … विधेयकलाई समर्थन गर्नुहोस्", "हाम्रो अनलाइन याचिकामा हस्ताक्षर गर्नुहोस्।"
- सम्भावित समाधान प्रस्तुत गर्नुहोस्: समुदायका लागि राम्रो नीति अघि बढाउन प्रस्ताव पेस गर्नुहोस्। यसलाई सरल राख्नुहोस्।

## ६) सन्देशहरू प्रभावकारी रूपमा सम्प्रेषण गर्ने




सन्देश वा वकालतका मागहरू फरक–फरक श्रोताहरूलाई पुऱ्याउने धेरै तरिका हुन्छन्। तपाईंको सन्दर्भअनुसार कुन तरिका उपयुक्त हुन्छ भन्ने सोच्नु उपयोगी हुन्छ।

- स्रोत (Source): श्रोताले कसलाई विश्वास गर्छन्? उदाहरण: स्थानीय सेलिब्रिटी, विचार नेता, वा विश्वसनीय एनजिओ।
- रूप (Format): सन्देश कसरी पुऱ्याउँदा बढी प्रभावकारी हुन्छ? उदाहरण: पत्र, प्रत्यक्ष भेट, नीति–पत्र, मिडिया, उच्चस्तरीय सम्मेलन वा डकुमेन्ट्री।
- समय (Timing): सन्देश पुऱ्याउने सबैभन्दा राम्रो समय कहिले हो? निर्णय प्रक्रियासँग वा वकालत अभियानसँग मेल खाने विशेष क्षण छ कि? सम्बन्धित वार्षिकोत्सव वा राष्ट्रिय दिवससँग पनि मेल खान सकिन्छ।
- स्थान (Place): सन्देश पुऱ्याउने ठाउँ वा स्थलले तपाईंको विश्वसनीयता र राजनीतिक प्रभाव बढाउँछ कि? उदाहरण: अन्तर्राष्ट्रिय सम्मेलन वा संसद।

### *६.१ लबि गर्ने (प्रत्यक्ष संवाद)*

शक्तिशाली व्यक्ति वा उनीहरूलाई प्रभाव पार्ने व्यक्तिहरूसँग प्रत्यक्ष संवाद धेरै तरिकाले गर्न सकिन्छ।

- अनौपचारिक भेटघाट (जस्तै: खाना वा कफीमा कुरा)
- औपचारिक बैठक (जस्तै: राजनीतिज्ञको कार्यालयमा)

निर्णयकर्तासँग प्रत्यक्ष संलग्न हुनु सफल वकालतको महत्त्वपूर्ण भाग हो। तर, सबै सन्दर्भमा सम्भव नहुन सक्छ। तपाईंले आफ्नो सन्दर्भ अनुसार लबिङ (lobbying) उपयुक्त छ कि छैन भन्ने निर्णय गर्नुपर्छ।

*लबिङका आधारभूत नियमहरू*

- निर्णयकर्तासँग राम्रो दीर्घकालीन सम्बन्ध बनाउनुहोस्। तर पहुँचलाई प्रभावसँग नजोड्नुहोस्। आवश्यक परे सार्वजनिक कदम चाल्न नछोड्नुहोस्।
- परिवर्तन सम्भव हुने साझा आधार खोज्नुहोस्।
- जहाँ सम्भव छ, विरोधी होइन, प्रस्तावक बन्नुहोस्।
- आफ्नो मुद्दामा प्रमाण र नीति सल्लाह दिने विश्वसनीय स्रोत बन्न प्रयास गर्नुहोस्।
- जसलाई श्रेय दिनु पर्छ, दिनुहोस्।
- एक बैठक वा पत्रमै परिवर्तन हुने अपेक्षा नगर्नुहोस्।

## ***६.२ वार्ता गर्ने***

वार्ता भनेको दुई वा बढी व्यक्तिहरू वा पक्षबीच समझदारीमा पुग्न, दुरी कम गर्न, भिन्नता समाधान गर्न, र सबैको चासो पूरा गर्न गरिने संवाद हो।

*वार्ताको ६ चरणहरू*

१) वार्ता गर्न सहमत


२) विचारलाई बुँदामा प्रस्तुत गर्ने

३) रूचीमा केन्द्रीत हुने

४) जीत–जीत विकल्पको सिर्जना गर्ने

५) विकल्पहरूको मूल्यांकन

६) सम्झौताको सृर्जना गर्ने



## कुशल वार्ताकार बन्न के गर्नु पर्छ ?

- वार्ताको लागि राम्रो तयारी
- सोध्ने, सुन्ने र जवाफको लागि पर्खने
- थाकेको, विसन्चो, रिसाएको र भोक लागेको बेलामा कहिल्यै वार्तामा प्रवेश नगर्ने ।
- तत्काल सहमतिमा पुग्न नसक्ने स्थितीमा अनुमति दिने.

## तपाईंले केमा जोड दिनुपर्छ ?

- आफ्नो विपक्षीलाई प्रदान गरेको लक्ष्यहरू दोहोर्याउने
- आफ्नो स्थिति स्पष्ट रूपमा बारम्बार बताउने
- स्थिति स्पष्ट पार्ने। उनीहरूले भनेको कुरा दोहोर्याउने। प्रश्न सोध्ने

## आफु कसरी सचेत रहने ?

- चाँडै नगल्ने, छुट नगर्ने ।
- ठुला आश्वासन र सहुलयतबाट बच्ने
- अर्को पक्षलाई रिस उठ्ने र रिस उठाउने काम नगर्ने
- सम्झौतामा पुग्नको लागि समय सीमा स्वीकार नगर्ने

## ***वार्ताका लागी सुझावहरु***

- प्रेरणा देखाउनुहोस्
- दबाब बढाउनुहोस्
- आफ्नो अधिकार र विश्वसनीयता देखाउनुहोस्
- समर्थन जुटाउनुहोस्
- प्रक्रियामा नियन्त्रण राख्नुहोस्

## ६.३ मिडियासँग संलग्न हुने मुख्य कदमहरू

मिडियाले जनसमर्थन जुटाउन ठूलो भूमिका खेल्छ। यसले निर्णय गर्ने व्यक्तिहरूमाथि थप दबाब दिन्छ।

मिडिया सूची तयार गर्नुहोस्: सम्बन्धित सबै मिडिया (पत्रपत्रिका, रेडियो, टिभी, समाचार दिने सामाजिक पेज, धेरै फलोअर भएका संस्था) पहिचान गर्नुहोस्। विशेष गरी नागरिक समाजप्रति सकारात्मक दृष्टिकोण भएका।

प्रेस विज्ञप्ति वा सम्पादकलाई पत्र लेख्नुहोस्: आफ्नो 'कथा' स्पष्ट पार्नुहोस्। प्रेस विज्ञप्ति प्रायः अभियान सुरु गर्दा वा कार्यक्रम घोषणा गर्न प्रयोग हुन्छ।

**प्रेस विज्ञप्ति वा अपिल लेख्दा विचार गर्नुपर्ने:**

- सरल भाषामा लेख्ने।
- सकेसम्म छोटो वाक्य लेख्ने। पढ्नलाई गाह्रो हुनेगरी लेख्नु हुँदैन।
- विज्ञप्ति एउटै विषयमा मात्र लेख्नुपर्छ।
- मुख्य कुरा सुरुमा राख्नुपर्छ र पृष्ठभूमि पछि लेख्नुपर्छ।
- विज्ञप्ति एक पृष्ठमै हुनुपर्छ।
- अन्त्यमा मिति, हस्ताक्षर वा छाप, र थप जानकारीका लागि नाम र फोन नम्बर राख्नुपर्छ।

### *मिडियासँग सम्पर्क गर्ने तरिका*

कार्यक्रमभन्दा कम्तीमा एक हप्ता अगाडि वा वकालतको महत्वपूर्ण समयमा आफ्नो प्रेस विज्ञप्ति सबै मिडिया सम्पर्कहरूलाई पठाउनुहोस्। आफ्नो कथा त्यस्ता पत्रकारलाई सुनाउनुहोस् जसले पहिले तपाईंको मुद्दा कभरेज गरेका छन् वा विशेष चासो देखाएका छन्।

## *अन्तर्वार्ता दिने*

तपाईंको कथा मिडियामा चलेपछि अन्तर्वार्ता मागिन सक्छ। अन्तर्वार्ता दिने बेला माथी उल्लेख गरिएको आफ्नो मुद्दा प्रस्तुत गर्दा प्रयोग गरिने दिशानिर्देश प्रयोग गर्नुहोस्।

### *अन्तर्वार्तामा ध्यान दिनुपर्ने कुरा*

- मनबाट बोल्नुहोस्।
- शान्त रहनुहोस् – तपाईं पत्रकारभन्दा विषयमा बढी जानकार हुनुहुन्छ।
- छोटकरीमा उत्तर दिनुहोस्, सजिलो भाषा प्रयोग गर्नुहोस्, संक्षिप्त रूप वा कठिन शब्द प्रयोग नगर्नुहोस्।
- सिर्जनात्मक बन्नुहोस्, चित्र कोर्नुहोस्  "कल्पना गर्नुहोस् यस्तो भए कस्तो हुन्थ्यो..."।
- हतारमा उत्तर नदिनुहोस्। समय चाहियो भने प्रश्न दोहोर्याउनुहोस्।
- थाहा छैन भने "थाहा छैन" भन्नुहोस्।
- पत्रकारलाई सधैं तपाईंको मुख्य सन्देशमा फर्काउनुहोस्।
- पत्रकारलाई एजेन्डा वा सन्देश सेट गर्न नदिनुहोस्।
- पत्रकारलाई धन्यवाद दिनुहोसः तपाईंको कथा मिडियामा चलेपछि पत्रकारलाई सम्पर्क गर्नुहोस्। उनीहरूको समय र तपाईंको सन्देश जनतासम्म पुर्याएकोमा धन्यवाद दिनुहोस्।

## ६.४ सामाजिक सञ्जाल अभियान

सामाजिक सञ्जाल आजको समयमा सबैभन्दा छिटो र प्रभावकारी माध्यम हो। फेसबुक, ट्विटर (X), टिकटक, युट्युब वा इन्स्टाग्राममार्फत समुदायले आफ्नो सन्देशलाई लाखौँ मानिससम्म पुऱ्याउन सक्छ।




### किन प्रयोग गर्ने?

- छिटो, सस्तो र व्यापक पहुँच
- युवापुस्तासम्म प्रत्यक्ष पहुँच
- संवाद र सहभागिताको अवसर
- अनलाइनमा साझा विचारमा लामो समयसम्म मिलेर काम गर्ने

### कसरी प्रयोग गर्ने?

- छोटकरी भिडियो (TikTok, Reels) बनाएर सन्देश फैलाउने
- इन्फोग्राफिक्स र पोस्टरमार्फत तथ्याङ्कलाई सरल बनाउने
- ह्यासट्याग अभियान सुरु गर्ने (#JustEnergyNepal जस्ता)
- प्रत्यक्ष प्रसारण (Facebook Live, YouTube Live) गरेर छलफल गर्ने
- नियमित अपडेट दिने

### *एक मिनेटको भिडियो सन्देश*

सोसल मिडियामा (Instagram reels, YouTube shorts, TikTok वा Facebook video) एक मिनेटको भिडियोले धेरै पहुँच पाउँछ। यसले प्रयोगकर्ताको ध्यान तुरुन्तै आकर्षित गर्छ।

- मुख्य विचार– सन्देशको केन्द्रिय सोच।
- प्रमाण – केही सजिलो तथ्य वा आँकडाले समर्थन गर्नुहोस्।
- उदाहरण – सन्देशलाई मानवीय अनुहार दिनुहोस्।
- आवश्यक कार्य – तपाईंको दर्शकले के गर्नुपर्ने हो भन्ने स्पष्ट पार्नुहोस्।

### *जनसमर्थन जुटाउने तरिका*

- अनलाइन याचिका (petition) बनाउने र सम्बन्धित निर्णयकर्तालाई बुझाउने।
- पत्रपत्रिका वा अनलाइन मिडियामा लेख, ब्लग लेख्ने।
- शान्तिपूर्ण, प्रतीकात्मक र सिर्जनात्मक प्रदर्शन गर्ने।
- महिला अधिकार, आदिवासी आन्दोलन, सामाजिक न्यायमा काम गर्ने विश्वसनीय संस्थाबाट समर्थन माग्ने।

## ७) एडभोकेसीको जोखिम मूल्याङ्कन र व्यवस्थापन गर्ने

वकालतमार्फत शक्तिलाई चुनौती दिनु जोखिमपूर्ण हुन सक्छ। कहिलेकाहीँ प्रतिकूल प्रतिक्रिया वा द्वन्द्व आउन सक्छ। यसलाई पूर्ण रूपमा टार्न सकिँदैन, तर योजना बनाउँदा जोखिम, चुनौती र नकारात्मक अवस्थालाई विचार गर्नु जरुरी हुन्छ।



## **उपकरण:** वकालत जोखिम विश्लेषण

१) सम्भावित जोखिमबारे सोच्नुहोस्।

- के–के गलत हुन सक्छ?
- कसैको जीवनमा खतरा आउन सक्छ कि?
- तपाईंको कदमले नकारात्मक प्रतिक्रिया ल्याएर तपाईंका सहकर्मीलाई जोखिममा पार्न सक्छ कि?

२) जोखिमको प्रभावको स्तर सोच्नुहोस्।

- उच्च: ठूलो असर, समूह वा आन्दोलनको अस्तित्वलाई खतरा, मानिसको जीवनमा जोखिम, वा तपाईंले परिवर्तन गर्न खोजेको मुद्दा उल्टिन सक्ने।
- मध्यम: छोटो समयका लागि असर गर्ने तर लामो समयमा ठूलो परिणाम नहुने।
- कम: देखिने असर तर मानिस वा वकालतमा ठूलो प्रभाव नपर्ने।

३) जोखिम वा नकारात्मक अवस्था वास्तवमै हुने सम्भावना सोच्नुहोस्।

- उच्च: आगामी महिनाहरू वा वर्षमा हुने सम्भावना धेरै, वा अहिले नै भइरहेको।
- मध्यम: आगामी महिनाहरू वा वर्षमा हुन सक्ने सम्भावना।
- कम: भएमा अचम्म लाग्ने, सम्भावना निकै कम।

४) उच्च प्रभाव र उच्च सम्भावना भएका जोखिम, साथै केही मध्यम स्तरका जोखिमका लागि रणनीति बनाउनुहोस्।

- असर कम गर्ने वा सकेसम्म टार्ने उपाय सोच्नुहोस्।
- संगठन, समूह, मानिस वा तपाईंलाई सुरक्षित राख्न के गर्न सकिन्छ भन्ने विचार गर्नुहोस्।
- के तयारी गर्नुपर्छ? कसलाई कदम चाल्ने अधिकार हुन्छ?
- वकालत अघि बढ्दै जाँदा वा अप्रत्याशित परिणाम आउँदा जोखिम विश्लेषणलाई समय–समयमा पुनः मूल्यांकन गर्नुहोस्।

| जोखिम | प्रभाव | सम्भाव्यता | जोखिम व्यवस्थापन रणनीति |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

## ८) एडभोकेसीको अनुगमन र मूल्याङ्कन गर्ने

अभियान सफल बनाउन राम्रो योजना, निगरानी, मूल्यांकन र प्रभावको समीक्षा आवश्यक हुन्छ। यसले जिम्मेवारी सुनिश्चित गर्छ र भविष्यमा थप सुधार गर्न मद्दत गर्छ। तर, अभियान सजिलो हुँदैन किनकि यसले जटिल सामाजिक र राजनीतिक वातावरणलाई प्रभावित गर्न खोज्छ।

अभियानको प्रगति वा प्रभाव मापन गर्ने एउटै तरिका हुँदैन। धेरैपटक अभियानलाई ठ्याक्कै मापन गर्न सकिँदैन किनकि स्पष्ट नतिजा वा अंकहरू नहुन सक्छन्। तपाईं

आफैं आफ्नो अभियानको सफलता वा कमजोरीको सबैभन्दा राम्रो निर्णायक हुनुहुन्छ। तर, प्रक्रियालाई ट्र्याक गर्नु जरुरी हुन्छ।




**प्रकृया निगरानि गर्दाका फाइदाहरुः**

- तपाईंको तरिका र रणनीति काम गरिरहेको छ कि छैन
- लक्ष्य समूहसम्म पुगिएको छ र सन्देश उनीहरूले बुझिरहेका छन् कि छैन
- सन्देश पुऱ्याउन सही माध्यम प्रयोग भइरहेको छ कि छैन
- तपाईंको साझेदार सहि छन कि छैनन्

यदि तपाईं व्यवस्थित हुनुहुन्छ, प्रगतिलाई स्पष्ट रूपमा लेखेर राख्नुहुन्छ, र जानकारी संगठनभित्र तथा नेटवर्कमा सजिलै साटासाट हुन्छ भने, अभियानको निगरानी र मूल्यांकन सजिलो हुन्छ।

## अनुसुचि -१

### सूचना माग गर्ने निवेदन पत्रको नमूना ढाँचा

मिति...............

श्रीमान्,

सूचना अधिकारी

........कार्यालय, ....ठेगाना

विषय: सूचना प्राप्तिको अधिकार अन्तर्गत जानकारी माग गरिएको सम्बन्धमा|

महोदय,

नेपालको संविधान र सूचना ऐन, २०६४ अनुसार, म निम्न विषयमा जानकारी माग गर्न चाहन्छु:

१. .........परियोजना अन्तर्गत वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) गरिएको छ कि छैन? यदि गरिएको छ भने, सो प्रतिवेदनको प्रतिलिपि उपलब्ध गराइदिनुहोस्|

२. उक्त परियोजनामा प्रभावित समुदायको सहभागिता सुनिश्चित गर्न के प्रक्रिया अपनाइएको छ, सो बारेमा जानकारी उपलब्ध गराइदिनुहोस्|

३. श्रमिकहरूलाई सामाजिक सुरक्षा सुविधा उपलब्ध गराइएको छ कि छैन भन्ने विवरण उपलब्ध गराइदिनुहोस्|

यदि माग गरिएका जानकारीहरू तपाईंको कार्यालयमा उपलब्ध छैन भने, कृपया सूचना ऐनको धारा ६ अनुसार सम्बन्धित कार्यालयमा पठाइदिनुहुन अनुरोध गर्दछु|

निवेदकको विवरण:

नाम:

ठेगाना:

सम्पर्क नम्बर:

हस्ताक्षर:

## अनुसुचि-२

### उजुरी फारमको नमुना ढाँचा

मिति.........

श्रीमान्,

.............ज्यु,

.........कार्यालय, .....ठेगाना

विषय: न्यायपूर्ण ऊर्जा रूपान्तरणको सन्दर्भमा अधिकार उल्लंघन सम्बन्धी उजुरी

महोदय,

म ......., ........निवासी निम्न विषयमा तपाईंको कार्यालयमा उजुरी दर्ता गर्न चाहन्छु।

१. समस्या विवरण स्पष्ट रूपमा समस्या लेख्नुहोस्। (उदाहरण: हाम्रो गाउँमा सौर्य पम्प जडानको योजना भए पनि हालसम्म कार्यान्वयन भएको छैन। खानेपानीको पहुँच छैन। श्रमिकलाई न्यूनतम पारिश्रमिक दिइएको छैन। वातावरणीय प्रभाव मूल्यांकन (EIA) बिना जलविद्युत परियोजना सुरु गरिएको छ।)

२. उल्लंघन भएको कानुन/नीति: (उदाहरण: वातावरण संरक्षण ऐन, २०५३; श्रम ऐन, २०७४)

३. तपाईंसँग फोटो, कागजात, साक्षी, वा अन्य प्रमाणहरु छन् भने उल्लेख गर्नुहोस्।

४. समाधानको माग: (उदाहरण: सौर्य पम्प तुरुन्त जडान गरियोस्, श्रमिकलाई उचित पारिश्रमिक दिइयोस्, परियोजना सञ्चालन अघि EIA गरियोस्, वातावरणीय क्षतिपूर्ति दिइयोस् आदि।)

उजुरकर्ताको विवरण:

नाम:

ठेगाना:

सम्पर्क नम्बर:

ईमेल:

हस्ताक्षर:

## अनुसुचि-३

### जहरी दरखास्तको नमूना ढाँचा

श्री .......................................मा पेश गरेको प्रहरी कार्यालयले लिने
(प्रहरी कार्यालयको नाम र ठेगाना) दर्ता नंः–
दर्ता मिति:–

१. जाहेरी दरखास्तको सूचना दिने व्यक्तिको नाम, थर र ठेगाना (टोल सहित) फोन नम्बरः–

२. कुन कानुनको मुद्धाबारे दरखास्तको सूचना गरेको होः–

३. कसूर गर्ने व्यक्तिको नाम, थर र ठेगाना (टोल सहित):–

४. कसूर गर्ने व्यक्तिको बाब/आमाको नामः–

५. कसूर गर्ने व्यक्तिको उमेर र परिचय दिने अन्य विवरणः–

६. कसूर सम्बन्धी विवरणः

(क) कसूर गरेको वा गर्न लागेको स्थान, गाउँ, मिति र समय,

(ख) कसूरसँग सम्बन्धित घटनाको विवरण,

(ग) कसूरको प्रकृति र कसूरसँग सम्बन्धित अन्य विवरण,

(घ) कसूरसँग सम्बन्धित सिद्ध प्रमाण,

(ङ) कसूरसँग सम्बन्धित अन्य विवरण।

७. यो दरखास्तको विवरण ठिक साँचो छ, झुट्टा विवरण लेखेको थाहा पाए कानुन बमोजिम सजाय भोग्न तयार छु। प्रहरीद्वारा अनुसन्धान गर्दा वा अदालतमा मुद्दा चल्दाको बेला उपस्थित हुनुपर्ने जनाउ पाए सो बमोजिम उपस्थित हुनेछु।

जाहेरीको सूचना दिने व्यक्ति:
हस्ताक्षर:
मिति:




**Be consistent, be persistent**